कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

लुम्बिनी प्रदेश, नेपाल

प.सं. :- २०७९/०८०(प्रशासन)

च.नं. :-

## पशु चिकित्सक प्राविधिक करारमा पदपूर्ती गर्ने सम्बन्धी सूचना ।

(सूचना प्रकाशन मिति २०७९/०८/०९)

यस नगरपालिकाको लागि आ.ब. २०७९/०८० सङ्घीय सरकार ससर्त बजेटमा पशु चिकित्सक प्राबिधिकको लागि बजेटको व्यवस्था भएको र कृषि तथा पशुपन्छी मन्त्रालयले जारी गरेको स्थानीय तहमा पशु चिकित्सक प्राबिधिक परिचालन कार्यबिधी २०७९ बमोजिम देहायको संख्या र योग्यता भएको कर्मचारी करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिनभित्र कार्यालय समयमा राजस्व तिरेको रसिद सहित यस नगर कार्यपालिकाको कार्यालय (प्रशासन शाखा) मा निवेदन पेश गर्नुहुन सबैमा जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ । अन्य जानकारीको लागि पशु सेवा शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

तपशिल

| वि.नं. | पद | संख्या | न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|
| ६/२०७९-०८० | पशु चिकित्सक | १ (एक) | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा कम्तिमा स्नातक तह उतिर्ण गरेको र परिषद्मा दर्ता भएको । | दरखास्त दस्तुर रु.१००० |

आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु:- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपीहरु:

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

(ख) न्युनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र र चारित्रिक प्रमाणपत्र

(ग) परिषद दर्ता प्रमाणपत्रको प्रतिलिपी

(घ) कामसँग सम्बन्धित अनुभव भए सो को प्रमाणपत्र

(ङ) ३ प्रति पासपोर्ट साइजको फोटो ।

परिक्षाको किसिमः कोहलपुर नगरपालिकामा प्राबिधिक कर्मचारी करारमा ब्यवस्थापन गर्ने सम्बन्धी कार्यबिधी, २०७५ बमोजिम ।

सेवा सुविधा तथा अन्यः- स्थानीय तहमा पशु चिकित्सक प्राबिधिक परिचालन कार्यबिधी, २०७९ बमोजिम हुनेछ।

..........................

(टिकाराम ढकाल)

प्रमुख प्रशासकीय अधिकृत

ई-मेल:- info@kohalpurmun.gov.np

kohalpurmun@gmail.com